NSET
Earthquake Safe Communities in Nepal

# जनकपुर उप-महानगरपालिकाको
# भवन निर्माण संहिता कार्यान्वयन यात्रा




भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी
ललितपुर महानगरपालिका-२५, नेपाल
पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np

# विषय वस्तु

**पृष्ठभुमि** ........ २

**केही बर्ष अघिको भवन निर्माण प्रक्रिया र प्रचलन** ........ ३

**भवन निर्माण संहिता कार्यान्वयनको लागि जनकपुर र एनसेट बीच सहमति र सहकार्य** ........ ३

सहमति-पत्रमा उल्लेख गरिएका दुवै पक्षको भूमिका तथा जिम्मेवारीहरु यसप्रकार थिए ........ ४

**भवन संहिता प्रभावकारीतामा आईरहेका कठिनाईका कारणहरू** ........ ४

डकर्मी तथा ठेकेदार ........ ४

घरधनी ........ ५

नगरपालिकाको आन्तरिक प्राविधिक दक्षता ........ ५

**परिणाम** ........ ५

**कसरी कार्यान्वयन भयो त जनकपुरमा भवन निर्माण संहिता** ........ ५

निरन्तरको प्रयास, छलफल र योजनाहरु ........ ५

एनसेट नेपालसँग एकजना प्राविधिकको अनुरोध ........ ६

एनसेटको सहयोगमा जनकपुरमा भएका प्रयास र सफलताहरु ........ ७

कडाईका साथ केही नियमहरुको कार्यान्वयन ........ ७

**जनकपुरमा भएका कार्यक्रम तथा क्रियाकलापहरूको तथ्याङ्क तथा जानकारी** ........ ८

**कार्यक्रमका केही तस्वीरहरू** ........ १०

**भवन निर्माण संहिता कार्यान्वनय प्रत्यक्ष सरोकारवाला तथा साक्षीहरू** ........ १२

**निष्कर्ष** ........ १७

# पृष्ठभुमि

जनकपुरलाई हामी पवित्र तीर्थस्थल जनकपुरधाम भनेर पनि चिन्ने गर्दछौं । जनकपुर, मध्य-नेपालको धार्मिक तथा सांस्कृतिक हिसाबले प्रख्यात ऐतिहासिक स्थल हो । धनुषा जिल्लामा अवस्थित यस स्थानमा राष्ट्रिय भाषाको रुपमा नेपाली र मातृभाषाको रुपमा मैथली, उर्दु आदिको प्रयोग हुन्छ । मिथिला संस्कृति, कला र परम्पराको खानी यस स्थानमा ब्राम्हण, तेली, यादव, कायस्थ, सुधी, मुसहर, राजपुत, मुस्लिम लगायत जातजातिका मानिसहरु बसोबास गर्दछन् । यहाँका हिन्दुधर्मावलम्बीहरु रामजानकीमा आस्था राख्दछन् ।

परापूर्वकालदेखि नै जनकपुर धार्मिक दृष्टिकोणले हिन्दुहरुको आकर्षणको केन्द्र बिन्दु रहदै आएको छ । त्यसैले पनि समयक्रमसँगै यहाँको जनसंख्या तीब्र गतिमा बढ्न थाल्यो। जनसंख्या बढ्न थालेपछि थुप्रै नयाँ घरहरु निर्माण हुन थाले । नयाँ थपिएका घरहरु परम्पराभन्दा विस्तारै पर हटेर आधुनिक शैलीमा बन्न थाले । नयाँनयाँ निर्माण सामग्री भित्रिन थाले । माटो र काठको सट्टा ईटा र सिमेन्टको प्रयोग हुन थाल्यो । होचा घरहरुको सट्टा अग्ला घरहरु बन्न थाले । साना झ्यालहरुको सट्टा ठुला झ्यालहरु राखिन थाले । परिणाम स्वरुप बढ्दो आधुनिकीकरणसँगै त्यहाँ बन्ने घरहरु व्यवसायिक हिसाबले हेर्दा राम्रा बन्न थाले । यसरी दिनानुदिन जनकपुरमाा थरिथरिका नयाँनयाँ आधुनिक शैलीमा सिमेन्ट र इँटाका घरहरु थपिदै गए । तर अग्ला र ठुला घरहरु बनाउँदा घर राम्रो मात्र नभई बलियो पनि हुनुपर्छ भन्ने कुरामा भने मानिसहरु सचेत थिएनन् । केही बर्षको अन्तरालमा नै जनकपुरको शहरीकरण आकासिदैं गयो । मानिसहरु थपिदैं गए, घरहरुपनि थपिदै गए ।

## केही बर्ष अघिको भवन निर्माण प्रक्रिया र प्रचलन

मिति २०६९।७० तिर जनकपुरको जनसंख्या १ लाख थियो भने घर संख्या २५००० थियो । बर्षमा १००० वटा जति नयाँ घरहरु बन्ने गर्थे जसमध्ये ८०० जति घरहरु नगरपालिकाबाट अनुमति लिएर निर्माण हुने गर्दथे । बाँकी २०० जति घरहरु, नगरपालिकालाई थाहा नै नदिई आफ्नै हिसाबले बन्ने गर्थे, जुन घरहरुको नगरपालिकामा कुनै रेकर्ड तथा अभिलेख हुदैनथ्यो । घर बनाउने ठेकेदार तथा मिस्त्री लगभग १००० जना जति थिए । ति मिस्त्रीहरुमध्ये कोही जनकपुरकै स्थानीय थिए, कोही छिमेकी गाविस तथा जिल्लाबाट आउँथे भने ५० प्रतिशत जति भारतबाट काम गर्न जनकपुर आउँने गर्दथे । ति डकर्मीहरुले निर्माण कसरी गर्छन्, निर्माणको गुणस्तर कस्तो छ भन्ने कुराको कहिल्यै अनुगमन तथा मूल्याङ्कन हुन सकेन । नगरपालिकामा प्राविधिक कर्मचारीको संख्या ज्यादै नै न्यून थियो । उनिहरुको काम नक्सा जाँच गर्ने, पास गर्ने, दर्ता गर्ने, राजश्व लिने, योजना शाखाको काम हेर्ने जस्ता अनेकौ प्रक्रियागत प्रशासनिक जिम्मेवारी हुने भएकाले कार्यालयबाट बाहिर निस्केर थलोमा गएर निर्माण भईरहेको घर अनुगमन गर्ने समय नै हुदैनथ्यो । यस्तो अवस्थामा नगरपालिका घरधनीहरुले नक्सा दर्ता मात्रै गरे पर्याप्त ठान्दथ्यो । नक्सा दर्ता गर्दा त्यस बापत राजश्व संकलन हुने गर्दथ्यो साथै उक्त घर र घरधनीको विवरण पनि नगरपालिकाको अभिलेखमा रहन्थ्यो ।

जनकपुरमा २५ जना जति प्राविधिक परामर्शदाता (कन्सल्ट्यान्ट ईन्जिनियर)हरु पनि थिए । उनिहरु घरधनीको चाहना र बजेट अनुसारको नक्सा बनाईदिन्थे । नक्सा बनाईदिइसकेपछि उनिहरुको अब त्यस घर र घरधनीसँग खासै केही काम पर्दैनथियो । नक्सा पास भईसकेपछि घरधनीहरुले आफुले चिनेजानेको वा छिमेकीले सिफारिस गरेका ठेकेदार या डकर्मी लगाएर घर बनाउन शुरु गर्दथे । एक घरधनीलाई नयाँ घर बनाउन आफुले छुट्याएको पैसामा कल्पना गरे जस्तो घर बनाउन पाए सन्तुष्ट हुन अर्को कारण चाहिदैन । त्यसैगरी एक ठेकेदारलाई आफुले जानेको र आफुलाई सजिलो हुने तरिकाबाट घर बनाईदिएर अपेक्षा गरे जति पारिश्रमिक पाए आफ्नो पेशामा खुसी हुन अरु कारण किन चाहिन्थ्यो ?

तर स्थानीय सरकार भएको नाताले पनि नगरपालिका, नक्सापास र नक्सा दर्ताबाट आएको राजश्वले मात्र सन्तुष्ट हुन सकेको थिएन । बढ्दो अव्यवस्थित शहरीकरणसँगै मापदण्ड र भवन संहिताको पालना नभईकन बनेका घरहरु बलिया र सुरक्षित छैनन् भन्ने कुराबारे नगरपालिका विदितै थियो । मिति २०६० सालमा नेपाल सरकारले सुरक्षित भवन निर्माणको लागि भनेर “राष्ट्रिय भवन निर्माण संहिता” सम्पूर्ण नगरपालिकाहरुमा कार्यान्वनय हुनुपर्ने निर्देशन जारी गरेको थियो । उक्त निर्देशनलाई यथासक्य पालना गर्ने कुरा जनकपुर नगरपालिकाले सोचेको पनि हो तर नगरपालिकामा पर्याप्त प्राविधिक र भवन संहिता सम्बन्धी ज्ञानसीप भएका दक्ष प्राविधिकको अभावको कारणले गर्दा भवन संहिता लागु गर्ने सोच कार्यान्वयन हुन सकेन । यसरी सरकारले भवन संहिता कार्यान्वयनको लागि निर्देशन गरेको दशौं बर्ष बितिसक्दा पनि यथा अवस्थामा नै घरहरु निर्माण भइरहे । घरहरु थपिदैं गए, अब्यवस्थित शहरीकरण बढिनैरह्यो ।

पिलरको आकार ९x९ को हुने गर्दथ्यो । पिलरमा ४ वटा मात्र डण्डी हालिन्थ्यो । चाहिने जति मात्रामा मोटो डण्डी नराखेर पातलो डण्डी राखिन्थ्यो । डण्डी कहाँ काट्ने र कहाँ गास्ने भन्ने कुराको कुनै निश्चितता थिएन । पिलरहरु लाईनमा हुदैनथिए । निर्माणको अधिकांश प्रक्रिया र प्रविधि भवन संहितासँग मेल खादैनथ्यो । नक्सा बनाएर घर निर्माण सकिन्जेलसम्म निर्माण भएको घर र नक्सामा आकाश पातालको भिन्नता भेटिन्थ्यो । नक्सामा मापदण्ड र भवन संहिता केही हदसम्म पालना गरेता पनि वास्तविक निर्माणमा नक्साको कुराहरु पालना गरेको पाईन्नथ्यो ।

## भवन निर्माण संहिता कार्यान्वयनको लागि जनकपुर र एनसेट बीच सहमति र सहकार्य

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) नेपालले USAID/OFDA द्वारा आर्थिक सहयोग प्राप्त कार्यक्रम भवन निर्माण संहिता कार्यान्वयन कार्यक्रम अन्तर्गत नेपालका २५ वटा नगरपालिकाहरुमा भवन संहिता कार्यान्वनयनमा काम गर्ने भयो । उक्त २५ वटा नगरपालिकाहरुमध्ये जनकपुर नगरपालिका पनि एक थियो । भवन संहिता कार्यान्वयनको निम्ति जनकपुर नगरपालिकासँग सहकार्य गर्नको निम्ति एनसेट नेपालका केही प्राविधिकहरुको

टोली जनकपुर नगरपालिका पुग्यो । जनकपुर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत, वरिष्ठ ईन्जिनयर, सब ईन्जिनयर लगायत अन्य शाखाका प्रमुखहरुसँग छलफल भयो । उक्त छलफलबाट जनकपुर नगरपालिकाले भवन संहिता कार्यान्वयन थाल्ने र कार्यान्वनय प्रभावकारी बनाउनको निमित्त भवन निर्माण संहिता कार्यान्वनय कार्यक्रम (BCIPN) ले जनचेतना, क्षमता अभिवृद्धि र संस्थागतमा प्राविधिक सहयोग गर्ने कुरामा सहमति भयो । जनकपुरमा भवन संहितालाई प्रभावकारी बनाउन जनकपुर नगरपालिकाले र NSET-BCIPN आ-आफ्नो तर्फबाट गर्नु काम र भूमिका उल्लेख गरेर मिति २०७१ मा दुईपक्षीय सहमति पत्रमा हस्ताक्षर गर्यो ।

### सहमति-पत्रमा उल्लेख गरिएका दुवै पक्षको भूमिका तथा जिम्मेवारीहरु यसप्रकार थिए

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) ले गर्ने काम तथा जिम्मेवारीहरुः

१ **जनचेतनामूलक कार्यक्रमहरु :** भवन निर्माण संहिताबारे जनचेतना अभिवृद्धि तथा भूकम्प प्रतिरोधात्मक भवन निर्माण प्रविधिको प्रचार प्रसार गर्न सहयोग गर्ने ।

२ **क्षमता अभिवृद्धि :** भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि आवश्यक जनशक्तिको विकास तथा विद्यमान जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम कार्यक्रम गर्ने र अन्य नगरपालिकाबाट सिकेका पाठ र अनुभवका आधारमा भवन निर्माण संहिता कार्यान्वयनको कार्यविधि तथा सम्बद्ध जाँचको पद्धति तयार पार्नको लागि नगरपालिकालाई सघाउ पुऱ्याउने ।

३ **भूकम्पीय जोखिम न्युनीकरणका कार्य योजना :** एनसेटले नगरपालिका क्षेत्रको भूकम्पीय जोखिम न्युनीकरणको कार्य योजना तयार गर्न नगरपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउने ।

यस सहमति-पत्रको भावना अनुरुप नगरपालिकाले एनसेट तथा विभागको डिभिजन कार्यालयसँग समन्वय राखी निम्न कार्यहरु गर्नेछ :

४. नगरपालिकाले नगरपालिका क्षेत्रभित्र भवन निर्माण संहिताको पालना गर्न/गराउन आवश्यक नीति, कार्यक्रम तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयन गर्ने ।

५. नगरपालिकाले नगरपालिका क्षेत्रको भूकम्पीय परिदृश्य तयार गर्ने, भूकम्पीय जोखिम न्यूनीकरणका लागि कार्य योजना तयार गर्ने तथा जोखिम न्यूनीकरणका लागि जनचेतना कार्यक्रम, तालिम कार्यक्रम, विद्यालय भूकम्पीय सुरक्षा कार्यक्रम जस्ता कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

६. तालिम तथा जनचेतना कार्यक्रमहरुको लागि आवश्यक दक्ष प्राविधिक प्रशिक्षकहरु आवश्यकता र अनुकूलता हेरी उपलब्ध गराउने ।

## भवन संहिता प्रभावकारीतामा आईरहेका कठिनाईका कारणहरू

### डकर्मी तथा ठेकेदार

भवन तथा घर निर्माण भन्नासाथ डकर्मीको प्रत्यक्ष संलग्ता एक अनिवार्य आवश्यक्ता हो । भूकम्पीय सुरक्षित घर निर्माण गर्नको लागि उक्त घर बनाउने डकर्मीले भूकम्प थेग्ने घर बनाउन जानेको हुनुपर्दछ । त्यसको निम्ति डकर्मीले भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्दछ । जनकपुरमा बर्षेनी धेरै नयाँ घरहरु निर्माण हुने भएता पनि तालिमप्राप्त डकर्मीहरु भने थिएनन् । तसर्थ भवन संहिता लागु गरिसकेपछि पनि तालिम नलिएका डकर्मीहरुले नै घरहरु बनाईरहेका थिए, जसकारण घरहरु अझै पनि बलियो बन्न सकिरहेको थिएन ।

नयाँ बन्ने घरहरु भूकम्पीय सुरक्षित बनुन् भन्ने उद्देश्यले डकर्मीहरुलाई तालिम दिने व्यवस्था भयो । तर तालिम लिनको लागि डकर्मीहरुले चासो देखाएनन् । चासो नदेखाउनुको पछाडि पनि कारण थियो । उनिहरुलाई भवन संहिताको महत्व थाहा थिएन । सधै जसरी घर बनाउँदै आईएको छ त्यसरी नै काम गर्न उनिहरुलाई सजिलो र फाईदा थियो । तालिम ७ दिनको भएको हुँदा उनिहरुले ७ दिन तालिममा वस्दा आफ्नो कमाई गर्ने काम छुट्ने र छुटेको दिनको पैसा नआउने भएकाले पनि उनिहरुलाई तालिम प्रति खासै चासो बढेन । अर्को महत्वपुर्ण कुरा

उनिहरुलाई तालिमको महत्व नै थाहा थिएन । र उनिहरुलाई तालिमको महत्व बुझाउन नगरपालिकाले कुनै रचनात्मक उपाय निकाल्न सकेन । यद्धपि ४ बर्षको अवधिमा ३ वटा डकर्मी तालिम गरियो जसबाट ८६ जना डकर्मीहरुले भूकम्प प्रतिरोधात्मक घर निर्माणको लागि दक्षता हासिल गरे । यद्धपि ८६ जना डकर्मी जनकपुरमा बर्षेनी १००० को हाराहारीमा बन्ने नयाँ घरहरुको लागि पर्याप्त थिएन । त्यसैले ती बाहेक अरु तालिम नलिएका डकर्मीहरुले बनाएका घरहरु असुरक्षित अर्थात भवन संहिताको पालना बेगर नै बन्न थाले । यसरी हेर्दा केही प्रतिशत घरहरु मात्रै भवन संहिताको पालना भएर बन्न थाले बाँकी घरहरु पहिलेकै जसरी असुरक्षित बनिरहे ।

### घरधनी

अधिकांश जनकपुरवासीहरु जनकपुरमा कहिले पनि भूकम्प जादैन भन्ने सोच्दछन् । त्यसैले पनि उनिहरु भूकम्प सम्बन्धी कुनै पनि जनचेतना तथा तालिम कार्यक्रममा सहभागी हुन रुचाउँदैनन् । जनकपुर नगरपालिकाले भवन संहिता कार्यान्वयनको निम्ति यसबारे सचेतनाका कार्यक्रमहरु संचालन गर्ने निर्णय गर्यो । घरधनीहरुलाई विभिन्न माध्यमद्धारा खबर पनि गरियो । तर खबर गरिएका जति घरधनी आएनन् । पहिलो घरधनी सचेतनाको कार्यक्रममा २२ जना घरधनीहरु भेला भए । कार्यक्रम शुरु भयो तर कार्यक्रम अन्त हुँदासम्ममा जम्मा ३ जनामात्रै थिए । कार्यक्रम भईरहँदा नै उनिहरु एक एक गरेर बाहिरिए । उनिहरुकै लागि भनेर आयोजना गरिएको एकदमै महत्वपूर्ण विषयको कार्यक्रममा समेत उनिहरु बस्न नमान्नुको पछाडि भत्ता प्रवृति पनि अर्को कारण हो । उनिहरु जति पनि त्यस दिन उपस्थित थिए सबै जना कामलाग्ने कुरा सुन्नको लागि भन्दापनि भत्ता (कार्यक्रममा बसे वापत पाईने रुपैयाँ तथा अन्य फाईदा) पाईन्छ कि भनेर आएका रहेछन् । कार्यक्रममा बसिसकेपछि जब भत्ताको व्यवस्था छैन भन्ने थाहा पाए, अनि त्यसपछि सबैजना पालैपालो कार्यक्रमबाट बाहिरिन थाले । त्यस कार्यक्रम पछि जनकपुरमा पुनः घरधनीहरुको लागि सचेतनाका कुनैपनि कार्यक्रम हुन सकेन ।

### नगरपालिकाको आन्तरिक प्राविधिक दक्षता

जनकपुर नगरपालिका क्षेत्रमा हरेक बर्ष १००० जति घरहरु बन्दछन् भने नगरपालिकामा सिभिल ईन्जिनियर २ जना मात्र छन् । १००० घरहरुको अनुगमन गर्नको लागि २ जना ईन्जिनियरहरु पर्याप्त थिएन । यस्तो अवस्थामा फिल्डमा बन्ने घरहरु के कसरी बनिरहेका छन् भन्ने कुराको सम्पूर्ण जानकारी नगरपालिकालाई हुँदैनथ्यो । नगरपालिकामा भएका प्राविधिकहरु पर्याप्त थिएनन् । जति प्राविधिकहरु थिए उनिहरुको काम केवल भवन सम्बन्धी मात्र नभएर योजना, प्रशासन लगायत अन्य कामहरु पनि गर्नुपर्ने भएकोले नयाँ बन्ने भवनहरुको बारेमा जानकारी राख्न नसक्नु, अनुगमनमा जान नभ्याउनु स्वभाविक थियो ।

## परिणाम

यि सब कुराहरुको बाबजुद भवन संहिता कार्यान्वनयको घोषणा र एनसेट नेपाल अन्तर्गतको भवन निर्माण संहिता कार्यान्वनय कार्यक्रमसँगको सहमति तथा सहकार्यको लागि साथ र सहयोग हुँदाहुँदै पनि सोचे अनुरुपको काम भने हुन सकेन । पर्याप्त मात्रामा डकर्मी तालिम हुन सकेन । घरधनीहरुको लागि सचेतनाका अभिमुखीकरण कार्यक्रमहरु हुन सकेनन् । घर बनाउँदा घरधनी नै एकमात्र त्यस्तो ब्यक्ति हो जसको घर निर्माणमा प्रत्यक्ष संग्लनता रहन्छ । घरधनी नै सचेत हुन नसक्दा त्यो घर सुरक्षित अर्थात् भवन संहिता अनुसार बन्छ भन्ने कुरामा विश्वस्त हुने आधार हुँदैन । तसर्थ जकनपुर नगरपालिकाले प्रयास गर्दागर्दै, कार्यान्वयन गर्दागर्दै पनि त्यहाँ बन्ने केही घरहरु बाहेक अन्य घरहरुमा भवन संहिता पालना हुन सकेन ।

# कसरी कार्यान्वयन भयो त जनकपुरमा भवन निर्माण संहिता

### निरन्तरको प्रयास, छलफल र योजनाहरु

जनकपुरमा भवन निर्माण संहिता सरल तरिकाले अगाडि बढ्न नसक्नुको विभिन्न कारणहरु मध्ये एउटा मुख्य कारण भनेको नगरपालिकाको कार्यकारी अपधकउत परिवर्तन भईरहनु हो । एकजना कार्यकारीको नियुक्ती हुन्थ्यो, त्यसपछि उक्त कार्यकारी अधिकृतलाई भवन निर्माण संहिता भनेको के हो, यो जनकपुरमा किन चाहियो र यसले जनकपुरलाई

भूकम्पीय सुरक्षित समुदाय निर्माणमा कसरी मद्दत गर्छ भन्ने कुरा सम्झाउन एनसेट नेपाल र जनकपुर नगरपालिका बिच छलफल तथा गोष्ठी हुन्थ्यो । उहाँले भवन संहिताको मर्म र महत्व बुझेर जब कदम चाल्ने बेला हुन्थ्यो अनि उहाँको अन्तै कतै सरुवा हुन्थ्यो र पुनः नयाँ कार्यकारी अधिकृतको नियुक्ती हुने गर्दथ्यो । यसरी कार्यकारी अधिकृतलाई भवन संहिताको बारेमा बुझाउनकै लागि मात्र पनि धेरैवटा छलफलहरु भएका थिए ।

त्यस्तैगरी जनकपुर नगरपालिकासँग शूरुवातका दिनहरुमा जतिपनि छलफल र वैठक भए ति सबैमा जनकपुर नगरपालिका केवल सहभागी र श्रोता मात्र हुने गर्दथ्यो । एनसेट नेपालले आयोजना गरेको छलफलमा सहभागी भईदिनकै लागि मात्र जनकपुर नगरपालिकाको उपस्थिती रहने गर्दथ्यो । भवन संहिताको बारेमा वैठकमा जतिसुकै छलफल गरेता पनि कार्यान्वयनमा कठिनाई देखेरै होला जनकपुर नगरपालिकाले खासै कदम उठाउने साहस भने गर्न सकेन ।यद्धपि छलफल तथा गोष्ठीमा सहभागिता भने सकरात्मक नै रहने गर्दथ्यो ।

यसरी भवन निर्माण संहिता सम्बन्धी विभिन्न औपचारिक कार्यक्रमहरु जस्तैः कार्यशाला गोष्ठी, बैठक, तालिम जस्ता कार्यक्रमहरुमा निरन्तर सहभागिता जनाईराख्ने जनकपुर नगरपालिकाका प्राविधिकहरुले आफ्नो ठाँउमा भवन संहिता कार्यान्वयन गर्न कठिनाई भएको अनुभव मात्रै सुनाउनुहुन्नथ्यो । कार्यक्रममा सहभागी, नेपालका विभिन्न नगरपालिकाहरुबाट आएका प्राविधिकहरुद्धारा वँहाहरुको ठाँउमा शुरुशुरुमा कठिनाई भएको तर अहिले भवन संहिताको प्रभावकारी कार्यान्वयन भईरहेको अनुभवहरु पनि सुन्ने मौका पाउनुहुन्थ्यो । यसरी अन्य नगरपालिकाको जटिलता पछि सरलता सम्बन्धी भवन संहिताका अनुभवहरुले जनकपुरका वरिष्ठ ईन्जिनयिर श्री वीरेन्द्र यादवलाई आफैभित्र आत्मविश्वास जाग्यो ।

एनसेट नेपालका प्राविधिक (२ ईन्जिनियर, २ सब ईन्जिनियर) बिराटनगरमा रहेर पूर्वका १० वटा नगरपालिकाहरुलाई भवन निर्माण संहिता कार्यान्वनयको निम्ति जनचेतना, क्षमता अभिवृद्धि र संस्थागत गर्ने कार्यमा प्राविधिक सहयोग पुऱ्याइरहेका थिए । ति १० वटा नगरपालिका मध्ये जनकपुर पनि एउटा हो । अन्य नगरपालिकाहरुमा झै जनकपुरमा पनि एनसेट नेपालको फिल्ड समूहले भवन संहिता कार्यान्वयनको निम्ति निकै मेहेनतका साथ प्राविधिक सहयोग पऱ्याएका छन् । डकर्मीहरुका लागि तालिम, ईन्जिनियरहरुका लागि तालिम, घरधनीहरुका लागि जनचेतनाका कार्यक्रमहरु र नगरपालिकाका प्राविधिकहरुसँग निरन्तरको सहकार्यमा भूमिका निभाईरहे । यसका बाबजुद पनि जनकपुरका घरधनीहरुलाई सचेत बनाउने, डकर्मीहरुलाई तालिम दिएर दक्ष बनाउने, कन्सल्ट्यान्ट ईन्जिनियरहरुलाई तालिम दिएर जिम्मेवार बनाउने, सबै सरोकारवालाहरुलाई सचेत र जिम्मेवार बनाउने अनि मात्रै भवन संहिता सजिलो र प्रभावकारी ढंगले पालना हुन्छ भनेर शुरु गरिएको अभियान सफल हुने सम्भावना नदेखेपछि रचनात्मक उपाय अपनाउने सोचको जन्म भयो । नगरपालिकामा ज्यादै नै कम संख्यामा प्राविधिकहरु भएको अवस्थामा कन्सल्ट्यान्टहरुलाई बढि जिम्मेवार बनाएर भवन संहिता कार्यान्वयन थालनी गर्नको लागि सबै सहकर्मीहरुसँग, कन्सल्टयान्टहरुसँग र नागरिक समाज तथा राजनीतिक दलका प्रतिनिधिहरुसँग छलफल र संवाद शुरु गर्नुभयो । सबैले आफ्नो दक्षता अनुसार भवन संहिता कार्यान्वयनमा योगदान दिने सकरात्मक प्रतिक्रिया पाएपछि बल्ल जनकपुर नगरपालिकाले औपचारिक ढंगबाट एक पछि अर्को गर्दै नयाँ-नयाँ कदमहरु चाल्न थाल्यो। फलस्वरुप सफलता पनि पाउँदै गयो ।

## एनसेट नेपालसँग एकजना प्राविधिकको अनुरोध

सबै शाखाका अधिकृत र प्राविधिकहरुसँगको छलफल र अन्तरक्रियाबाट प्राप्त सुझाव अनुसार जनकपुर नगरपालिकाले एनसेट नेपालसँग एकजना दक्ष प्राविधिक (जसलाई भवन संहिताबारे राम्रो ज्ञान छ) लाई केही समय जनकपुर नगरपालिकाको कार्यालयमा रहेर नक्सापास प्रक्रिया र नक्सा जाँचमा सहयोग पुऱ्यादिनको लागि अनुरोध पत्र पठाईयो । एनसेट नेपालले उक्त अनुरोध स्वीकार गर्दै एक जना दक्ष प्राविधिक (सिभिल ईन्जिनियर) श्री सुयोग गिरीलाई जनकपुर नगरपालिकामा नियुक्त गऱ्यो । उहाँले १ बर्ष जनकपुर नगरपालिकाको कार्यालय भित्र रहेर त्यहाँ पास गर्नको लागि आउने भवनका नक्साहरु हेर्ने, जाँच गर्ने, सच्याउनु पर्ने ठाँउहरुमा सच्याएर लेराउन अनुरोध गर्ने कार्यहरु गर्नुभयो, त्यसै क्रममा घरधनीहरुसँग कुराकानी गरेर नक्साबारे र भवन संहिता अनुसार घर बनाउँदा हुने फाईदाबारे प्रत्यक्ष छलफल शुरु गर्नुभयो ।

## एनसेटको सहयोगमा जनकपुरमा भएका प्रयास र सफलताहरु

१) हरेक दिन कम्तिमा ५ जना जति घरधनीहरु नक्सा कस्तो हुनुपर्दछ र घर नक्सा अनुसार नै बनाउनुपर्दछ अनि मात्रै भूकम्पको जोखिमबाट बच्न सकिन्छ भन्ने कुरा सिकेर/बुझेर फर्कन्थे । ईन्जिनियर गिरीको जनकपुर बसाई अवधिभरीमा लगभग २०० जनाको हाराहारीमा घरधनीहरुले भवन संहिता र नक्सापास प्रक्रिया बुझ्ने मौका पाए ।

२) अनुगमनको लागि फिल्ड जाँदा निर्माण थलोमा जति डकर्मीहरु काम गरिरहेका हुन्थे सबैजनालाई भूकम्प प्रतिरोधात्मक भवन निर्माण सम्बन्धी तालिम लिनुपर्छ, नगरपालिकाले छिटै नयाँ नियमहरु लागु गर्दैछ त्यसपछि तालिम नलिएका डकर्मीहरुले घर बनाउन पाउने छैनन् भनेर उहाँले सम्झाउनुहुन्थ्यो । यसो गर्दा ति डकर्मीहरुले फुर्सद हुनासाथ नगरपालिका गएर तालिम लिनको लागि आफ्नो नाम टिपाउन थाले ।

३) सुयोग गिरीको नियुक्ति जनकपुर नगरपालिकामा केही समयको लागि मात्रै भएकोले उहाँले त्यहाँ बसेर जे काम गरिरहनुभएको थियो त्यो काम उहाँको अनुपस्थितीमा नगरपालिका भित्रकै कर्मचारीले गर्न सकुन भन्ने एनसेटको चाहना थियो । तसर्थ सुयोग गिरी आफ्नो टेबलमा रहेर घरधनीहरुलाई सम्झाईरहेको बेलामा नगरपालिकाका अन्य प्राविधिकहरुलाई पनि संलग्न गराउनुहुन्थ्यो । उहाँहरुले घरधनीलाई कसरी सम्झाउने, के के कुरा सम्झाउने जस्ता सबै सीपहरु सिक्नुभयो । यसरी ज्ञान तथा सीप बाँडियो र अहिले त्यहाँका प्राविधकहरु घरधनीलाई सम्झाउने, बुझाउने काम आफै गर्न सक्षम भएका छन् ।

४) एनसेटले नेपालका सबै नगरपालिकाहरुमा नक्सापास प्रक्रियामा एकरुपता आओस् साथै उक्त नक्सापास प्रक्रिया नगरपालिका र घरधनी दुवै पक्षको लागि सजिलो होस् भन्ने उद्देश्यले नगरपालिका र घरधनीको लागि फरक-फरक नक्सापास फारम किताबको खाका तयार पारेको थियो । उक्त खाकालाई जनकपुर नगरपालिकाले औपचारिक रुपमा नै लागु गर्ने निर्णय गऱ्यो । त्यस नक्सापास फारम किताबलाई जनकपुर नगरपालिकाको परिवेश र आवश्यकता अनुसार परिमार्जन गर्ने कार्यमा नगरपालिकाका प्राविधिकहरुसँग सुयोग गिरीले पनि निरन्तर काम गर्नुभयो, फलस्वरुप किताब तयार भयो र कार्यान्वयनमा आयो ।

## कडाईका साथ केही नियमहरुको कार्यान्वयन

अनेकन प्रयास गर्दा पनि भवन संहिता अनुरुप सुरक्षित घरहरु निर्माण गर्ने जनकपुर नगरपालिकाको सपना पूरा हुने सम्भावना कम हुँदै गर्दा नगरपालिकाका वरिष्ठ ईन्जिनियर वीरेन्द्र यादवको अगुवाईमा नगरपालिकाका अन्य प्राविधिक तथा अधिकृतहरुसँग गरिएको पटकपटकको छलफल र अन्तरक्रिया पश्चात भवन संहितालाई कार्यान्वनयमा ल्याउन केही नियमहरु कडाईका साथ लागु गरियो । फलस्वरुप ति नियमहरुका कारणले गर्दा नै आज जनकपुर नगरपालिकामा सरोकारवालाहरु आफै सजग र सचेत भईरहेका छन् । जनकपुरमा पर्याप्त संख्यामा तालिमप्राप्त डकर्मी तथा ठेकेदारहरु थिएनन् । तर पनि घरहरु भवन संहिता अनुसार नै बन्न थाले । घरधनीहरु सचेतनाका लागि आयोजित अभिमुखीकरण कार्यक्रमहरुमा सहभागी त भएनन् तर पनि नियम लागु गरेपछि घरधनीहरु जरिवाना तिर्न पर्ने डरले आफै सजग र सचेत हुन थाले । त्यसैगरी कन्सल्टेन्सीहरुले पनि नियम लागु गरे पश्चात भवन संहिता अनुसार नक्सा डिजाईन गर्न थाले साथै तालिमहरुको अवसर खोज्न थाले ।

१) **घरधनीहरुका लागि जरिवानाः** जनकपुर नगरपालिका भवन संहिता कार्यान्वनय गर्न सफल हुनुमा घरधनीहरुलाई जरिवानाको नियमले महत्वपूर्ण भूमिका खेलेको छ । जनकपुर नगरपालिकाले पहिले घरधनीहरुलाई भवन संहिता र भूकम्पीय सुरक्षित भवन निर्माणको आवश्यक्ता र महत्वबारे जनचेतना फैलाएर भवन संहितालाई प्रभावकारी रुपमा लागु गर्ने योजना सफल हुन नसकेपछि त्यसबाट पाठ सिकेर यो बाटो अपनाएको हो ।

**जरिवानाको प्रकारः** पिलरमा ४ वटा मात्रै डण्डी हालेको छ र जगबन्धन हालेको छैन भने त्यस्तो गल्तिको लागि घरधनीलाई नक्सापास गराउँदा तिरेको राजश्वको ३०० प्रतिशत रकम जरिवाना तोकिएको छ । पिलरमा ६ वटा डण्डी हालेको तर पिलर साईज १२ x १२ को छ र जगबन्धन नहालेको अवस्थमा घरधनीलाई नक्सापास गराउँदा तिरेको राजश्वको २०० प्रतिशत रकम जरिवाना तोकिएको छ । पिलर साईज १२ x १२ को छ, ८

वटा डण्डी हालेको छ तर ४ वटा १६ एमएम र ४ वटा १२ एमएमको डण्डी हाल्नुपर्नेमा ८ वटै १२ एमएमको हालेको छ भने घरधनीलाई नक्सापास गराउँदा तिरेको राजश्वको १०० प्रतिशत रकम जरिवाना तोकिएको छ। मापदण्ड मिचेको छ भने पनि ३०० प्रतिशत नै रकम जरिवाना तोकिएको छ। यस नियम अनुरुप घरधनीहरु १०० जना भन्दा बढि जरिवानामा परिसकेका छन् । र अहिले विस्तारै यो संख्या घट्दो क्रममा छ । शुरुमा नियम लागेको थाहा नै नभएकोले पनि धेरैजसो घरधनीहरु जरिवानामा पर्नुभयो । तर नक्सा अनुसार घर बनाए जरिवानामा नपरिने कुरा विस्तारै सबैलाई थाहा भयो ।

२) **डकर्मीहरुको सुचीकृत र लाईसेन्सिङ प्रणाली:** घरधनीलाई मात्र जरिवानाको नियम बनाएर भवन संहिता प्रभावकारी हुने अवस्था थिएन । त्यसको लागि डकर्मीहरुको झन ठुलो भूमिका हुने भएकोले उनिहरुलाई वर्गिकृत गर्नु र तालिम लिएकाहरुलाई सुचीकृत गर्नु आवश्यक थियो । त्यसैले तालिम प्राप्त सबै डकर्मी र ठेकेदारहरुलाई सुचीकृत गरी उनिहरुलाई पनि भूकम्प प्रतिरोधात्मक भवन निर्माणको अनुमती तथा प्रमाणपत्रको रुपमा लाईसेन्स दिने निर्णय भयो । निर्णय बमोजिम सबै तालिमप्राप्त डकर्मीहरुको नाम सुचीकृत गरेर उनिहरुलाई नगरपालिकामा बोलाएर लाईसेन्स दिइयो । तथापी ८६ जनाले तालिम लिएका भएतापनि ५० जनाले मात्रै लाईसेन्स प्राप्त गरेका छन्, बाँकी डकर्मीहरुसँग सम्पर्क हुन नसेको कारण लाईसेन्स दिईएको छैन । उनिहरु उक्त स्थान छाडेर अन्यत्र गएको वा देश बाहिर गएको हुनसक्ने नगरपालिकाको अनुमान छ ।

३) **कन्सल्टेन्सीहरुको सुचीकृत र कन्सल्टेन्सीहरुद्धारा अनुगमन अनिवार्य:** जनकपुर नगरपालिकाले भवन निर्माण संहिता पालना गराएर सुरक्षित भवन निर्माणको निम्ति घरधनीलाई जरिवाना, डकर्मीहरुलाई लाईसेन्स र उनिहरुको सुचीकृत मात्र नभई कन्सल्ट्यान्ट ईन्जिनियरहरुलाई समेत जिम्मेवार बनाउने काम गरेको छ । कन्सल्ट्यान्टहरुलाई भवन निर्माण संहिता अनुसार नक्सा डिजाईन सम्बन्धी तालिमको आयोजना गरियो । त्यसपछि तालिमप्राप्त सबै कन्सलट्यान्टहरुलाई सुचीकृत गरी अब देखि कन्सल्ट्यान्टहरुले नै भवनहरुको अनुगमन गर्ने र प्राविधिक रिपोर्ट नगरपालिकामा पेश गर्नुपर्ने अनिवार्य नियम लागु गरिएको छ । अनुगमनको सबै जिम्मा कन्सल्ट्यान्टलाई दिएपछि नगरपालिकाले बेलाबेलामा छड्के जाँच मात्रै गर्दा हुने भयो । यसो गर्नाले नगरपालिकाको थोरै प्राविधिकहरुबाट नै व्यवस्था हुनेभयो । यसरी जनकपुरले भवन संहितालाई प्रभावकारी बनाउनको लागि प्रभावकारी नियमहरु बनाएर लागु गऱ्यो । जसका कारण अहिले आएर जनकपुरमा भवन निर्माण संहिताको कार्यान्वयन हुने क्रम बढ्दो क्रममा छ ।

## जनकपुरमा भएका कार्यक्रम तथा क्रियाकलापहरुको तथ्याङ्क तथा जानकारी

### १. जनचेतना

| क. स. | कार्यक्रमहरु | संख्या | लाभान्वित |
|---|---|---|---|
| १ | घरधनीको लागि अभिमुखीकरण | १ | २१ |
| २ | सामाजिक परिचालकहरुका लागि अभिमुखीकरण | १ | १७ |
| ३ | निर्माणकर्मीहरुका लागि अभिमुखीकरण | १ | ३२ |
| ४ | अन्य (र्‍याली, गोष्ठी, प्रदर्शनी) | | …….. |

### २. सीप तथा क्षमता अभिवृद्धि

| क.स | कार्यक्रमहरु | संख्या | लाभान्वित |
|---|---|---|---|
| १ | निर्माणकर्मीहरुका लागि तालिम कार्यक्रम | ३ | ८६ |
| २ | प्राविधिकहरुका लागि तालिम कार्यक्रम | १ | २९ |
| ३ | सामाजिक परिचालकहरुका लागि तालिम कार्यक्रम | २ | २७ |

### ३. संस्थागत

| क्र.स | संस्थागत प्रयासहरु | छ/छैन | कैफियत |
|---|---|---|---|
| १ | भवन नक्सापास प्रक्रिया फारम परिमार्जन | छ | २०७४ देखि |
| २ | भवन संहिता अनुपालन चेकलिष्ट | छ | २०७४ देखि |
| ३ | भवन नक्सापास प्रक्रिया सफ्टवेर | छैन | ........ |
| ४ | अन्य | | ........ |

### ४. सर्वेक्षण

| क्र.स | सर्वेक्षण | सर्वेक्षक | सर्वेक्षण |
|---|---|---|---|
| १ | भूकम्पीय जोखिम सम्बन्धी अवधारणा (आधारभूत) | १७ | २०१८ |
| २ | भूकम्पीय जोखिम सम्बन्धी अवधारणा (अन्तिम) | १० | ४०० |
| ३ | भवन संहिता अनुपालन आधारभूत (नक्सामा र निर्माणमा) २०१२ | ५८ नक्सामा | ३९ भवनमा |
| ४ | भवन संहिता अनुपालन मध्यावधि (नक्सामा र निर्माणमा) २०१४ | ५९ नक्सामा | ५७ भवनमा |
| ५ | भवन संहिता अनुपालन अन्तिम (नक्सामा र निर्माणमा) २०१६ | ५० नक्सामा | ४९ भवनमा |
| ७ | नगरपालिकाहरुको भवन संहिताको अवस्था सम्बन्धी (Building Code Status) | छ | |
| ८ | भवन सर्वेक्षण (BIDS) | | |

# कार्यक्रमका केही तस्वीरहरू








तालिममा सहभागी प्राविधिकहरुको सामुहिक फोटो






USAID
भवन निर्माण संहिता कार्यान्वयन कार्यक्रम
भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी
निर्माणकर्मी (डकर्मी) तालिम कार्यक्रम
जनकपुर, धनुषा

क्याप्सन







क्याप्सन

# भवन निर्माण संहिता कार्यान्वनय प्रत्यक्ष सरोकारवाला तथा साक्षीहरु



**वीरेन्द्र यादव, वरिष्ठ ईन्जिनियर, जनकपुर उपमहानगरपालिका:** २०७१ सालमा जनकपुरमा अब भवन संहिता कार्यान्वयन गर्ने भनेर घोषणा भयो । त्यसपछि आवश्यक पूर्वाधारहरु जस्तै: जनचेतना, डकर्मी र ईन्जिनियिरहरुको लागि तालिम जस्ता कार्यक्रमहरु आयोजना गर्ने भयौं र तर सोचे जस्तो सफल हुन सकेनौ । डकर्मीहरुलाई तालिममा र घरधनीहरुलाई सचेतनाका कार्यक्रममा सहभागी गराउन नै गारो भयो । तर गारो भयो भनेर मुक्ति पाउने अवस्था पनि थिएन । अन्य नगरपालिकाहरुमा भवन संहिता कार्यान्वनय सफल हुदै गएका अनुभवहरु सुन्दा जनकपुरमा कसरी अघि बढ्दा सफल भईएला भन्ने बारेमा शाखाका सबै प्रमुखहरु र कन्सल्ट्यान्टहरुसँगको पटकपटकको छलफलपछि घरधनीलाई केन्द्रविन्दु बनाएर नियम बनायौं । नियम जरिवाना सम्बन्धी हो । घरधनीले नक्सा बमोजिम घर नबनाएको पाईएमा १०० देखि ३०० प्रतिशतसम्म जरिवाना तिर्नुपर्ने नियमको बारेमा छोटो समयमा नै धेरैले थाहा पाए ।

शुरुमा जरिवानाको नियम बनाउनासाथ केही समयसम्म जरिवानामा धेरै घरधनीहरु पर्नुभयो । पछि विस्तारै नक्सा अनुसार घर नबनाए जरिवानामा परिन्छ भन्ने सन्देश फैलिएपछि भने घरधनीहरु कसरी हुन्छ, कस्लाई सोधेर हुन्छ घर भनेको नक्सा अनुसार नै बनाउनुपर्छ भन्ने मन्सायमा पुगेका छन् । आजभोली जरिवानामा पर्ने घरधनीहरुको संख्या पनि निकै घटेको छ । र नक्सा त भवन संहिता अनुसार छ कि छैन नगरपालिकामा आएपछि जाँच भईहाल्छ । यसरी एनसेट नेपालको सहयोग र साथमा जनकपुर नगरपालिकाले नगरपालिकाका सम्पूर्ण कर्मचारी,



प्राविधक, कन्सल्टेन्सीहरुको हातेमालोमा भवन संहिता कार्यान्वयन सफल हुँदैछ । यसलाई अझ प्रभावकारी बनाउन र निरन्तरता दिन सबैको निरन्तर साथको खाँचो छ ।क्याप्सन

**प्रमोद कुमार मण्डल, कन्सल्ट्यान्ट ईन्जिनियरः** विगत ३० बर्ष देखि निर्माणको पेशामा छु । पहिले-पहिले यहाँ पिलरवाला घरहरु थिएनन्, गारोवाला घरहरु मात्र हुने गर्दथे । बीम, पिलर भन्ने कुरा कसैलाई पनि थाहा थिएन । अलि पछि आएर झ्यालको तलमाथि लिन्टेलसिल देखिन थाल्यो । डण्डी हाल्न थाले । अहिले आएर भवन निर्माण प्रचलनमा धेरै सुधार भएको छ । हामी कन्सल्ट्यान्टहरुले सम्झाउन सक्यौं भने घर बलियो बनोस् भन्ने चाहाना सबै घरधनीहरुमा हुन्छ। नगरपालिकाको नियम र भवन संहिताको पालना गरेर कन्सल्ट्यान्टहरुलाई काम गर्न गारो छैन । घर निर्माणको मुख्य पक्ष भनेको घरधनी नै हो । घरधनी जब नक्सा बनाउनको लागि कन्सल्ट्यान्टकोमा आउँछन् त्यही बेलामा उनिहरुलाई नक्सा तथा घर यो तरिकाबाट बनाउँदा तपाईको घर बलियो हुन्छ भनेर सम्झायो भने भवन संहिताको कार्यान्वनयको पहिलो कदम त्यहीबाट शुरु हुन्छ । घरधनीहरुलाई यसबारेमा धेरै कुरा थाहा हुँदैन तर हामी प्राविधिकले अलिकति समय दिएर घरधनीलाई बुझाउने हो भने खासै कठिन छैन ।



क्याप्सन

नगरपालिकाले सबै कन्सल्टेन्सीहरुसँगको बैठकमा छलफल गरी एउटा घरलाई कन्सल्टेन्सी ईन्जिनयिरले कम्तिमा पनि ३ पटक अनुगमन गर्नुपर्ने सूचना जारी गरेको छ । कन्सल्ट्यान्टले जुन घर अनुगमन गर्छन् त्यसको शुल्क सम्बन्धित घरधनीले नै तिर्नुपर्छ । नक्सा एउटा प्राविधिकले बनाएको भएतापनि घरधनीले अर्को कन्सल्ट्यान्सीलाई सुपरिवेक्षणको लागि चयन गर्न सक्छ । प्लिन्थ बीम, स्ल्याब बीम र स्ल्याब ढलान गर्ने बेलामा अनुगमन हुन्छ ।

कन्सल्टेन्सीहरुसँग नगरपालिकाको तालमेल पहिला खासै सुमधुर थिएन तर बीचमा नगरपालिकाको वरिष्ठ ईन्जिनियर बीरेन्द्र यादवको प्रयासले उनिहरुलाई नजिक ल्याउनुभएको छ । धेरैवटा बैठक भयो, तालिम पनि भयो र सम्बन्ध पनि राम्रो भयो । अहिले बलियो घर निर्माणको लागि नगरपालिकासँग कन्सल्टेन्सीहरु हातेमालो गरिरहेका छन् । सबै जना नगरपालिका आउँछन् यो के हो, कसरी गर्ने सबै कुराको लागि सल्लाह लिने, सोध्ने गर्छन् । सहकार्य राम्रो छ ।

**सुयोग गिरी, सिभिल ईन्जिनियर, एनसेट नेपालः** मैले जनकपुर नगरपालिकामा रहेर एकबर्ष भवन निर्माण संहिता कार्यान्वयनमा प्राविधिक सहयोग पुऱ्याउन सकें । शुरुवातको समय र अहिले हेर्दा सन्तुष्टीको लेभल धेरै माथि छ । पहिले (एक बर्ष अगाडि) आउँदा ४ वटा डण्डीकै पिलर भएको नक्सा पास भइरहेको थियो । म शुरुमा केही दिन आत्तिएँ । नक्सामा नै ४ वटा डण्डीको पिलर पास हुन्छ भने फिल्डको अवस्था के होला भनेर म निराश भएँ । राजनीति धेरै हुने ठाँउ भएकोले यहाँ एकैपटक सबै कुरा परिवर्तन गर्न खोज्दा परिवर्तन नै नहोला भन्ने डरले अलिकति लचिलो भएर परिवर्तको थालनी भयो ।मैले गर्दा नगरपालिकालाई धेरै नै सजिलो भयो र उहाँहरुले पनि त्यही नै भन्नुहुन्छ ।



क्याप्सन



क्याप्सन

एकैपटक भोलिदेखि नै नक्सामा ८ वटा डण्डी राखेर लेराउ भन्यो भने काम बन्दैन बरु एकपटक नगरपालिकाको सबैसँग बसेर छलफल गरौं भनेर सोचें । त्यसले गर्दा नगरपालिकाका सरहरुलाई बुझाउन धेरै समय लागेन । अहिले १४४ वर्गफिट प्यानल एरियाका कुराहरु पनि आफै चेक गर्नुहुन्छ । कन्सल्टेन्सीबाट आएको नक्साहरु एकदम कडाइका साथ जाँच हुने गर्छ । अर्थात ५० प्रतिशत नक्साहरु एकदम राम्रोसँज जाँच भएर मात्रै पास हुन्छ । कन्सल्टेन्सीका प्राविधिकहरु धेरै सचेत भइसकेका छन् । उनिहरुले एक लेभलको राम्रो नक्सा नै बनाउँछन् , बाँकी रहेका गल्तिहरु पनि नगरपालिकामा जाँच हुने भएकोले नक्साहरु राम्ररी जाँच भएर नै पास हुन्छन् । ९० प्रतिशत काम आफै गरेर ल्याउँछन् । कुनै नक्सा त सरसर्ती हेरेर सिधै पास गर्न सकिने खालका समेत हुन्छन् । पहिले-पहिले आउने नक्साहरु स्कोरिंग गर्दा धेरै गल्तिहरु भेटिन्थे अहिले खासै ठुला गल्तिहरु भेटिदैनन्, भनेपछि सुधार तिब्र गतिमा भइरहेको छ । यो परिवर्तनलाई म सन्तोषजनक रुपमा नै लिन्छु । यो नगरपालिकामा अहिले जसरी सुधारहरु भएर काम भइरहेका छन् अब कुनै रोकावट विना यसरी काम गर्नको लागि, यहि प्रवृतीलाई निरन्तरता दिनको लागि एउटा लगाम जस्तै केही हुनपर्छ । एकजना स्थानीय कोही प्राविधिक जो नितान्त कर्मचारी भएर  मात्र काम गर्छ, जस्ले नक्सा बनाउँदैन त्यसतो ब्यक्ति हुने हो भने अहिलेको कामगराईले निरन्तरता पाउने थियो । ५० प्रतिशत भन्दा बढि त आफै सच्चिएर आउँछन् तर त्यो प्रतिशतलाई बढाउनको लागि नगरपालिका भित्रकै कोही प्राविधिक यसैमा मात्र केन्द्रित रहेर काम गर्न आवश्यक छ ।

**महम्मद मन्सुर राइनः जनकपुर उपमहानगरपालिका, नक्सापास शाखाः** अहिले हामी एनसेट नेपालले तयार पारेको परिमार्जित नक्सापास फारम किताबमा काम गरिरहेका छौं र यो अब जनकपुरमा छिटै लागु हुन्छ । पहिलापहिला अरु नगरपालिकाको फारम किताब ल्याएर नाम मात्र परिवर्तन गरेर सिधै छापिन्थ्यो तर अहिले यहाँको परिवेश, यहाँको चलन, यहाँको मानिसहरुको सोचलाई ध्यानमा राखेर त्यहीअनुसार किताबमा परिमार्जन गरेका छौं । प्राविधिक र घरधनीलाई धेरै सहयोग हुने किसिमले हामीले तयार गरिरहेका छौं । यसबाट काम गर्न धेरै सजिलो हुन्छ । पहिले घरधनी र नगरपालिका दुवै पक्षको लागि एउटै किताब थियो । अहिले घरधनी र नगरपालिकाको लागि फरक-फरक प्रति छ । अब घरधनीले आफुसँग भएको किताब हेरेर अब के गर्ने, कहाँ जाने, कसलाई सोध्ने, केके दस्तावेजहरु चाहिन्छन् जस्ता सबै कुराहरु अगाडि नै थाहा पाउछन । उनिहरुले काम भन्दा बाहेक अनावश्यक दुःख पाउनु पर्दैन ।



**नक्सापास फारम किताबका फाईदाहरुः**

१) घरधनीहरुले चाहेको बेलामा पढ्न पाउने भए ।

२) ठेकदारहरुसँग सम्झौता गर्ने व्यवस्था र त्यसको फारम समेत उक्त किताबमा संलग्न छ ।

३) तालिमप्राप्त ठेकदारहरुसँग काम गराउने ।

४) घरधनी, कन्सल्टेन्सी र ठेकदार सबैसँग सम्झौता गरेर मात्रै काम गर्ने ।

त्यसो गर्दा यदि घर नक्सा र सम्झौता अनुसार बनेको रहेनछ भने हामी कन्सल्टेन्सीलाई प्रश्न गर्न सक्छौं । साउन महिनादेखि यो औपचारिक कार्यान्वयन आईसकेको छ । यो किताबले सजिलो पनि बनाउँछ र फाईदा पनि हुन्छ ।

अब मानिसहरुले ८ वटा डण्डी राखेर, नक्सा पास गराएर काम गर्न शुरु गरिसकेका छन् । जसले जगमा नक्सा अनुसार काम गरेको छैन उस्लाई प्लिन्थलेभल भन्दा माथि निर्माण गर्ने ईजाजत हामीले दिएका छैनौं । यो कुरा बजारमा सबैले थाहा पाईसकेका छन् । बल्ल मानिसहरुले डबल बीम, ४ ईन्चमा चुरी, १२ x १२ को पिलर बनाउन लागेका छन् । पहिलेको तुलनामा नक्साहरु पनि धेरै नै सुधार भएर आईरहेका छन् । एकदमै धेरै र ठुलाठुला गल्तिहरु खासै भेटिंदैनन् । कन्सल्ट्यान्टहरुलाई पनि तालिम दिईएको छ त्यसले पनि नक्सामा सुधार ल्याउन सहयोग पुगेको छ । भर्खरै कन्सल्टेन्सीहरुले निर्माणको अनुगमन गर्नुपर्ने नियम बनाईएको छ । यदि यो नियम सफल भयो भने सजिलो हुन्छ । तर यदि यो नियमले काम गरेन भने नगरपालिकाको प्राविधिकहरुबाट यो सब कुरालाई निरन्तरता दिन गारो छ । २४ वटा वडाको लागि ५ जना प्राविधिक छन् । नयाँनयाँ गाविसहरु गाभिएको छ । यति प्राविधिकले सबैतिर भ्याउन असम्भव छ । कम्तिमा पनि १७१८ जना प्राविधिक चाहिन्छ । फिल्डमा जान भ्याईने अवस्था अहिले छैन । नेपाल सरकारले गाँउपालिका, नगरपालिका थप्दै गईरहेको छ तर जनशक्ति खासै थपेको छैन यसले गर्दा काम गर्न झन गारो भएको छ । एउटा वडामा एउटा प्राविधिक फिक्स भएमा मात्र काम गर्न सजिलो हुन्छ ।



**राकेश कुमार यादवः सब ईन्जिनियर, योजना शाखा, जनकपुर उपमहानगरपालिकाः** हामी नगरपालिकाका प्राविधिकिहरु डेस्कको काम नै भ्याउँदैनौ, झन फिल्डमा पुग्ने कुरा त असम्भव नै छ । नगरपालिककामा विभिन्न थरीका घरधनीहरु आउँछन् । कोही केवल चिटिक्क परेको राम्रो घर बनाउन चाहन्छन्, कोही आवश्यक्ता भन्दा बढि ठुलो घर बनाउन चाहान्छन्, कोही सस्तो घर बनाउन चाहान्छन् भने कोही साच्चै बलियो र सुरक्षित घर बनाउन चाहान्छन् । हामी बलियो र सुरक्षित घर बनाउनको लागि सबै घरधनीहरुलाई प्रेरित गर्ने र सचेत गर्ने साथै त्यसकुरालाई कार्यान्वयन गर्ने अभियानमा लागिरहेका छौं ।

जे जस्तो प्राविधिक सहयोग एनसेट नेपालले जनकपुरको लागि गरिरहेको छ, त्यो नेपाल सरकारबाटै भैदिएको भए झन सुनमा सुगन्ध हुने थियो । एनसेटले हामीलाई सधैं सहयोग गरिरहन सक्दैन । त्यस्तो अवस्थामा हामी कसरी दिगो हुने भन्ने बारेमा पनि सोच्न जरुरी छ । यहाँ बर्षमा ७०० देखि ८०० को हाराहारीमा घरनक्साहरु अनुमतिको लागि आउने गर्छन् । २० प्रतिशत जति घरहरु अझैपनि नक्सा पास नै नभईकन बन्ने गरेका छन्, हामीले त्यातातिरपनि काम गर्नुपर्ने छ । जति मानिसहरुले नक्सापास गरेर घर बनाउँछन् उनिहरुमध्ये ८० प्रतिशतले नक्सा बमोजिम नै निर्माण पनि गर्दछन् । यसरी नक्साअनुसार घर बनाउनेको संख्या १ बर्षदेखि बढेको हो । यसलाई हामीले निकै ठुलो परिवर्तनको रुपमा लिएका छौ ।

**मोहम्मद गुलाब हुसेन, ठेकेदार जनकपुर उप महानगरपालिकाः** तालिम लिएको ८ महिना जति भयो । तालिम पछि मैले ४।५ वटा घर बनाईसकेको छु । मुख्य समस्या घरधनीहरुमा छ । एउटा घर बनाउन उनिहरु ५० औं लाख खर्च गर्न तयार हुन्छन् तर १ लाख बचत गर्ने चक्करमा त्यो घर कमजोर बन्न पुग्छ । सिलब्याण्ड, कुना बन्धन र कभरको कुरै सुन्न चाहदैनन् । ल्याप दिनुपर्ने ठाँउमा ल्याप हुदैन । सम्झाउदा घरधनीहरु सम्झिन खोज्दैनन् । घरधनी चनाखो हुने हो भने सबै कुरा आफै मिल्छ । नगरपालिकाले कडाईका साथ हालसालै केही नियमहरु लागु गरेको छ । जसकाकारण घरधनीहरुमा एकप्रकारको बाध्यकारी सचेतना आएको छ जुन राम्रो हो ।



"म तालिम प्राप्त मान्छे हो, यदि तपाईको घर मैले बनाउने हो भने तपाईको घर बलियो हुन्छ" भनेर सम्झाएपछि घरधनीहरु मान्छन् । तालिमबाट मैले धेरै कुरा सिकेको छु । ल्यापिंग, लिन्टेल सिल लगायत धेरै राम्रा राम्रा प्राविधिक ज्ञानहरु सिकेको छु । मेरो सबै कामदारहरुले तालिम लिएका छैनन् उनिहरुलाई म आफै "आज यो-यो काम यसरी गर केही अप्ठ्यारो भयो भने फोन गर"

भनेर म अर्को साईटमा जान्छु र त्याहाँपनि म काम सिकाएर हिड्छु । मैले पनि केही बुझिन भने ईन्जिनियरलाई फोन गरेर सोध्छु । जेठ १ गते देखि नगरपालिकाले नियम लागु गरेको छ । अबदेखि तालिम प्राप्त डकर्मीले मात्रै घर बनाउन पाउँने र घरधनीले आफ्नो बनिरहेको घरको सुपरिवेक्षण गर्नको लागि कन्सल्ट्यान्ट ईन्जिनियर राख्नैपर्ने व्यवस्था गरिएको छ ।

मैले अहिले बनाई रहेको घरमा, कन्सल्ट्यान्ट ईन्जिनयिर राखिएको छ जो बारम्बार आईराख्नुहुन्छ । नबुझेको काम बताईदिने गर्नुहुन्छ । नगरपालिकाले अनुगमनको लागि प्राविधिक खटाउने र जस्ले गलत काम गरिरहेको छ उसको निर्माण कार्य रोकिदिने व्यवस्था गर्न सके प्रभावकारी हुनेथियो । तालिम लिएर पनि राम्रोसँग काम नगर्ने निर्माणकर्मीहरुलाई पनि जरिवाना अथवा सजायको व्यवस्था हुनुपर्छ । नत्र सुधार आउन गारो हुन्छ ।

**उमा देवी शाह, घरधनी, जनकपुर उपमहानगरपालिकाः** निर्माण भइरहेको आफ्नो घरको निगरानी आफै गरिरहेकी छु । तालिम प्राप्त ठेकेदारलाई घर ठेक्कमा दिएकी छु । म घर निर्माण बारेमा खासै जानकारी भएको मान्छे होइन । श्रीमान् विदेशमा हुनुहुन्छ । बनिरहेको घर हेर्ने कोही नभएकोले म आफै हेर्दैछु । म विहान देखि बेलुकासम्म यहि निर्माणथलोमा रहन्छु । कामदारहरुले काम गरिरहेका छन् कि छैनन् भन्ने कुरा हेर्दछु त्यो बाहेक उनिहरुले गरेको काम सही हो वा होइन, प्रयोग भईरहेका सामग्रीहरु गुणस्तरीय हुन् वा होइनन् भन्ने बारेमा खासै ज्ञान छैन । यदि मैले यो घर बनाउन शुरु गर्नु अघि यसबारेमा केही सिक्न-बुझ्न पाएकी भए आफ्नो घर निर्माणको गुणस्तर म आफै हेर्न छुट्याउन र त्यही अनुसार काम लगाउन सक्ने थिएँ ।



तालिमप्राप्त ठेकेदार लगाएको हुँदा उहाँले राम्रै काम गर्नुभएको होला भन्ने विश्वास गरेकी छु । मैले ठेकदारले भनेको केही कुरामा पनि सम्झौता गरेको छैन । मागेको समान सबै दिएको छु । काम पनि नक्सा बमोजिम नै भईरहेको छ । घर बलियो नै

बनेको होला भन्ने लागेको छ । बरु मेरो घर ढिला सकियोस, अलिकति महंगो होस् तर घर बलियो होस् भन्ने चाहन्छु । मैले कन्सल्ट्यान्ट ईन्जिनियर पनि राखेको छु । उहाँलाई बोलाईरहन पर्दैन, बेलाबेलामा आफै आउनुहुन्छ, हेर्नुहुन्छ र ठेकदार मिस्त्रीलाई भन्नुपर्ने, सिकाउनुपर्ने कुराहरु भनेर जानुहुन्छ । हामी लाखौ खर्च गरेर घर बनाउछौं तर त्यही घर सहि तरिकाले बनेको छ कि छैन भन्ने कुरा निश्चित गर्नको लागि केही शुल्क तिरेर ईन्जिनियर राख्न कन्जुस्याई गर्न हुदैन । "अहिले १/२ हजारको लोभ गर्यो, ईन्जिनियर नराख्यो अनि पछि लाखौ खर्च गरेर बनाएको घर केही भईहाल्यो भने जिन्दगीभर दुखी हुनु र पछुताउनु बाहेक केही बाँकी रहदैन । सबै घरधनीले नक्सापास गरेर मात्रै घर बनाउनुपर्छ, ठ्याक्कै नक्सा जसरी नै घर बनाउनुपर्छ, आफुले तालिम लिनुपर्छ, तालिमप्राप्त डकर्मी लगाउनुपर्छ ईन्जिनियर राख्न पैशाको लोभ गर्न हुदैन । नगरपालिकाले जति पनि नियम बनाएको छ ति सबै हाम्रो आफ्नै फाईदाको लागि हो । जसले नगरपालिकाको नियम छलेर घर बनाउँछ उस्ले नगरपालिकालाई होइन आफैलाई छलेको हो, जसको नराम्रो फल भूकम्प आएपछि भोग्नुपर्दछ ।"



**राम नारायण मण्डलः घरधनी, जनकपुर उपमहानगरपालिकाः** मेरो घरमा धेरै नै डण्डीहरु प्रयोग भएको छ , सबै डण्डी मैले ईन्जिनियरले भने बमोजिम नै प्रयोग गरेको हो । मैले मेरो घर मजबुत छ भन्ने कुरामा म ढुक्क छु ।

जब म अब घर बनाउनुपर्यो भनेर बुझ्नको लागि नगरपालिका गएँ, मलाई नगरपालिकाको सरहरुले घर बलियो बनाउनुपर्छ र कसरी बलियो हुन्छ भन्ने बारेमा सम्झाउनुभयो । पछि फेरि म नक्सा लिएर नगरपालिका गएँ त्यसबेला मलाई नगरपालिकाको ओभरसियरले पिलरमा कतिवटा, कति सुते डण्डी हाल्ने सबै कुरा नगरपालिकाको प्रांगणमा भएको मोडेल देखाएर विस्तारमा केही प्रविधिहरु देखाउनुभयो । नियम विपरित बनायो भने नक्सा पास हुँदैन र नक्सा पास भईसकेपछि पनि नक्सा अनुसार बनाएन भने घरको निर्माण रोक्का हुन सक्छ भनेर भन्नुभयो । पिलरमा डबल चुरी राखेको छु, पिलरको जोर्नीतिर ४ ईन्चमा र परतिर ६ ईन्चमा राखेको छु । छिमेकीहरुले आएर "तेरो घरमा डण्डी धेरै राखिएको छ, बनाउने तरिका पनि हाम्रो भन्दा केही फरक छ , तेरो घर हाम्रो भन्दा बलियो छ, अब भूकम्प गईहाल्यो भने पनि केही हुदैन" भन्छन् । भूकम्प गएर २ बर्ष अघि नेपालमा धेरै मानिस मरे, धेरै घरहरु भत्किए जुन अहिलेसम्म पनि पूरा हुनसकेको छैन । फेरि पनि त्यस्तै भूकम्प गईहाल्यो भने ज्यान नजाओस घर नभत्कोस भनेर नगरपालिकाले यो नियम ल्याएको हो । सरकारकै नियम मिचेर त घर बनाउन सकिन्न नि । नियम मान्दा आफ्नै घर बलियो हुन्छ भने किन नमान्ने । रह्यो कुरा महंगोको जुन त्यती धेरै पनि महंगो छैन । एउटा घर बनाउन पुग्ने पैसा भएको घरधनीले चाहने हो भने बलियो घर बनाउन सक्छ । कति मानिसहरु छन् जो नक्सा बिना नै र नक्सा नै पास नगरीकन घर बनाउँछन् उनिहरुको घर सस्तो त बन्ला, आफुले चाहे जस्तो त बन्ला तर बलियो बन्दैन । त्यसैले हामीले जहिलेपनि सरकारको नियम मानेर काम गर्यो भने हामीलाई घाटा हुदैन र पछि पछुताउनु पर्दैन । मैले सबै नियमको पालना गरेर घर बनाएको छु, म एकदमै खुसी छु, सन्तुष्ट छु । खर्च भएको कुराले पीर लाग्दैन, घर बलियो बनेको छ भन्ने कुराले आनन्द दिन्छ । अहिले नगरपालिकाले पनि धेरै कडा गरेको छ । म बेलाबेलामा नगरपालिका जाने गर्दछु, त्यहाँ धेरै मानिसहरु नक्सा लिएर आउँछन् उनिहरुलाई पनि मलाई जस्तै सम्झाईरहेको पाउँछु ।

## निष्कर्ष

केही बर्ष अघिदेखि नै जनकपुर नगरपालिकाले नयाँ बन्ने घरहरु भूकम्पीय सुरक्षित हिसाबले बनुन् भन्ने उद्देश्यले विभिन्न प्रयासहरु गर्यो तर सफल हुन सकेको थिएन । डकर्मीहरु तालिमको महत्व थाहा नपाएको कारणले तालिम

लिन नै नआउने । घरधनीहरु सचेतनाका कार्यक्रममा सहभागी नहुने, बलियो घरको बारेमा चासो नलिने, जसरी हुन्छ छिटो नक्सा पास भएर छिटो घर सम्पन्न भइदिए हुन्थ्यो भन्ने सोचाई राख्ने । नगरपालिका कार्यालयमा पर्याप्त प्राविधिकहरु नभएको कारण नियमित अनुगमनको लागि निर्माणस्थल पुग्न नभ्याउने जस्ता विभिन्न कारणले गर्दा जनकपुरमा भवन निर्माण संहिता घोषणा भएता पनि कार्यान्वयन भने हुन सकेको थिएन ।

तर सधैं यसरीनै असुरक्षित निर्माणलाई निरन्तरता दिइरहन पनि जनकपुर नगरपालिका मन्जुर थिएन । तसर्थ केही त रचनात्मक ढंगले काम गर्न पर्यो जसकारण भवन संहिता कार्यान्वनय पनि होस् र नगरपालिकालाई धेरै अप्ठ्यारो पनि नहोस् । यसको लागि नगरपालिकाले घरधनी, डकर्मी र परामर्शदाताहरुलाई बढि जिम्मेवार बनाउने निर्णय गर्यो । यसै अनुरुप घरधनीको लागि जरिवाना, डकर्मीको लागि लाईसेन्सींग र कन्सल्ट्यान्ट अर्थात परामर्शदाताहरुको लागि अनुगमन तथा प्राविधिक रिपोर्ट बुझाउनुपर्ने कुरालाई अनिवार्य बनाईयो । त्यसपछि तिनै नियमहरुले घरधनी र डकर्मीले भवन संहिता पालना गर्नुपर्ने बनायो भने कन्सल्टेन्सीलाई एक मुख्य जिम्मेवार पक्ष बनायो । नगरपालिकाको प्राविधिकहरुले बेलाबेलामा छड्के जाँच गर्ने, कन्सल्टेन्सीले बुझाएको प्राविधिक रिपोर्ट हेर्ने जस्ता कामबाट साच्चै नै फिल्डमा भवन संहिता अनुसार घरहरु बनिरहेका छन् कि छैनन् भन्ने कुराको मूल्याङ्कन पनि भइरहेको छ । अहिले जनकपुर नगरपालिकामा निर्माण अनुमतिको लागि दर्ता हुन आउने अधिकांश घर नक्साहरु भवन संहिता पालना गरेर बन्ने गरेको छ । जुन नक्सा भवन संहिता बमोजिम हुदैन त्यस्ता नक्साहरुलाई पुनः सच्याएर लेराउन लगाईन्छ । साथै नक्सा अनुसार फिल्डमा काम भएको छ कि छैन भन्ने कुरा कन्सल्ट्यान्टले अनुगमन गरी प्रतिवेदन बुझाउँछ । यदि प्रतिवेदनमा नक्सा बमोजिम नबनाएको पाईएमा गल्तिको प्रकृति अनुसार उक्त घरधनीले नगरपालिकाले तोकेको जरिवाना तिर्नुपर्ने हुन्छ । जरिवाना तिर्न कसलाई पो मन हुन्छ र ? आफ्नो घर बलियो होस् भन्ने चाहना कस्को हुन्न र ? जरिवाना तिर्ने पैसा घर निर्माणमा नै लगानि गर्न रुचाउँछन् र गल्ति नै नहोस् ताकि जरिवाना तिर्न नपरोस भन्ने सोचका साथ सजग भएर घर बनाउछन् । नक्सापास प्रक्रियालाई सहज र सुलभ बनाउनको निम्ति एनसेट नेपालले भवन संहिता कार्यान्वयनमा अगुवाई गरिरहेका नगरपालिकाहरुको सहयोगमा घरधनी र नगरपालिकाको लागि फरक फरक प्रतिको अवधारणामा काम गरेको थियो । उक्त परिमार्जित नक्सापास फारम.किताबलाई पनि जनकपुर नगरपालिकाले नगरपरिषदबाट पारित गरी कार्यान्वयनमा ल्याएको छ । जसकाकारण नगरपालिकालाई मात्रै नभई घरधनी, ठेकदार र ईन्जिनियरलाई पनि आफ्नो जिम्मेवारीको काम गर्न सजिलो भएको छ भने अझ बढि जिम्मेवार पनि बनाएको छ ।

यसरी जनकपुरले हार नमानी धैर्यतापूर्वक निरन्तर प्रयास गरिरहँदा अहिले आएर त्यहाँका घरहरु भवन संहिता अनुसार निर्माण हुने क्रम बढिरहेको छ । भवन संहिताको हरेक चरणहरु अलिअलि गर्दै लागु गरिँदै र घरधनीहरुबाट पनि स्वीकार र कार्यान्वयन हुँदै गईरहेको छ । यदि यसरीनै यस कार्यले निरन्तरता पाईरहने हो भने जनकपुर अवश्य पनि एकदिन भूकम्पीय सुरक्षित शहरको रुपमा चिनिनेछ भन्ने कुरामा विश्वास गर्न सकिन्छ ।